# गण्डकी प्रदेशको
# पर्यटन नीति २०७५

## १. पृष्ठभूमि

अतुलनीय प्राकृतिक सौन्दर्य, भौगोलिक, जैविक र साँस्कृतिक सम्पदा तथा विविधताले भरिपूर्ण रहेको गण्डकी प्रदेशको राजधानी पोखरा संघीय नेपाल कै पर्यटकीय राजधानीको रुपमा राष्ट्रिय तथा अन्र्तराष्ट्रियजगतमा सुपरिचित छ । विश्वका आठ हजार मिटर अग्ला हिमालहरु मध्य अन्नपूर्ण प्रथममासन् १९५० को जुन ३ तारिखमापहिलो मानव पाइला राखे पछि विश्वकै सर्वोच्च शिखर सगरमाथा लगायत अन्य हिमचुचुराहरुमा सफल पर्वतारोहणको श्रृंखला शुरु भएको हो । गण्डकी प्रदेशमै अवस्थितआठ हजार भन्दा अग्ला मनास्लु र धवलागिरि हिमालका शिखरहरुको पनि क्रमशः सन् १९५६ र १९६० मा आरोहण पछि अन्नपूर्ण क्षेत्रले पर्वतारोहण संगसंगैपदयात्राका लागि पनि ख्याती कमाएको छ । हिमालहरुका अतिरिक्त पोखरा उपत्यकाका फेवा, बेगनास लगायतका मनोरम तालहरु, काली र सेतीगण्डकी, मर्स्याङदी, मादी जस्ता नदीहरु तथाविविध संस्कति र पर्यटकहरुलाई प्रदान गरिने सौहार्दताले पनि पोखरा र समग्र गण्डकी प्रदेशको पर्यटन विकास अग्रणी स्थानमारहेको छ ।

नेपालको संविधान २०७२ मा संघीय नेपालका प्रदेशहरुमा पर्यटन विकास र विस्तारका लागि व्यवस्था भएबमोजिम गण्डकी प्रदेश यस्ता विश्वविख्यात पर्यटकीय सम्पदाहरुको सरकारी र निजि क्षेत्र तथा स्थानीय समुदायको समेत सहभागितामा समसामयीक प्रविधिहरुको उपयोग गर्दै दिगो रुपमा संरक्षण, सम्वर्धन र प्रवर्धन गरिपोखरा र समग्र गण्डकी प्रदेशमा विदेशी तथा स्वदेशी पर्यटकहरुमाझ अझ बढी आकर्षक र प्रतिस्पर्धी बनाईगण्डकी प्रदेशमा पर्यटनको संख्यात्मक विस्तारका साथै पर्यटकहरुलाई प्रदान गरिने सेवा, सुविधा तथा उनीहरुको सन्तुष्टिमा समेत गुणात्मक विकासमा समेत जोड दिनुवाञ्छनीय भएकाले,

गण्डकी प्रदेश सरकार, मन्त्रिपरिषदबाट गण्डकी प्रदेशकाविद्यमान प्राकृतिक, सांस्कृतिक, धार्मिक, पुरातात्विक र ऐतिहासिक सम्पदाहरूको पहिचान, संरक्षण, प्रवर्धन एवं प्रचार प्रसार गरि पर्यटनलाई प्रादेशिकअर्थतन्त्रको महत्वपूर्ण आधारको रूपमा पर्यावरण अनुकूल,निजि क्षेत्र र पर्यटक-मैत्री पर्यटन व्यवसायहरुको विकास गर्नेतथा यसको लाभ वितरणमा स्थानीय जनतालाई समेत समावेश गराउने दिर्घकालिन सोचका साथगण्डकी प्रदेशको पर्यटन नीति तयार पार्ने निणर्य भएकालेनेपालको संविधान २०७२ मा उल्लिखित मर्म अनुसारगण्डकी प्रदेशमा पर्यटनको विकासगर्न आवश्यक भएकाले,

पर्यटन क्षेत्रलाई राष्ट्रिय उद्योगको रुपमा प्राथमिकताका साथ विकास गर्ने विगतको नेपालको नीतिसंग मेल खाने गरि नयाँ परिवेशमागण्डकी प्रदेशमाउदाहरणीय रुपमा पर्यटनको दिगो र गुणात्मक विकास गरि विदेशी मुद्राआर्जन र प्रदेशमा रोजगारीका अवसर सिर्जना गरी शहरी तथा ग्रामीण क्षेत्रकासमुदायकोजीवनस्तरअभिबृद्धि गर्ने उद्देश्यका साथप्रदेश सरकारको पर्यटन, उद्योग, वन तथा वातावरण मंत्रालयलेतर्जुमा गरेको ***गण्डकी प्रदेशकोपर्यटन नीति, २०७५*** लागुगरिएको छ ।

## २. संघीय नेपालमा पर्यटनको वर्तमान स्थिति

संघीयनेपालको पर्यटन क्षेत्रलाईआर्थिक समृद्धिको एक महत्वपूर्ण आधार बनाउने प्रयास अनुरुप विश्वकै उच्च हिमशिखरहरु,पशुपतिनाथ, लुम्बिनी, जनकपुर, मुक्तिनाथ, बराह क्षेत्र, बोन्पो, खप्तड लगायत अन्य धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक क्षेत्रहरु, नदी, ताल, जैविक विविधता आदिको आकर्षण, निजि क्षेत्रको लगानी र नेपाल सरकारको प्रयासबाट २०७२ बैशाखको महाभुकम्पका बावजुद स्वदेशी तथा विदेशी पर्यटकहरुको आवागमनमा सन् २०१७ मा उत्साहजनक बृद्धि भएको छ र सन् २०१८ जनवरी देखि अक्टोबर समयावधिमालगभग २०% को बृद्धि सहितयो क्रममा निरन्तरता देखिएको छ । यसरी पर्यटन क्षेत्रमा देखिएको उत्साहका कारण सगरमाथा, अन्नपूर्णलगायतका उच्च हिमाली क्षेत्र, लुम्बिनी, जनकपुर, काठमाण्डौ उपत्यका लगायतका ऐतिहासिक, साँस्कृतिक, धार्मिक क्षेत्र, चितवन जस्तो प्रसिद्ध

राष्ट्रिय निकुंज र पोखरा जस्ता प्राकृतिक रुपले मनोरम स्थलहरुमा पर्यटकहरुको आगमन बढेको छ ।तथापि महाभुकम्पले पुर्‍याएको क्षतीका कारण लाङटाङ, मनास्लु जस्ता पर्यटकले रुचाउने स्थानहरुमा पुनः पर्यटकहरुको चहल पहल बढाउन, काठमाँडौ लगायतका स्थानका रहेकाधार्मिक, सांस्कृतिक तथा ऐतिहासिक स्मारकहरुको पुर्ननिर्माण सम्पन्न गर्नर प्रदेश नं २, ६ र ७ मा पर्यटकीय गतिविधि अपेक्षित रुपमा बढन सकेको छैन् ।

राष्ट्रिय अभियानको रुपमा सफलतापूर्वक सम्पन्न भएको नेपाल पर्यटन वर्ष २०११ को फल्स्वरुप पर्यटन क्षेत्रमा खासगरि होटल उद्योगमा विश्वकै ठुला होटल चेनहरु र स्थानीय लागनीकर्ताहरुको लगानी थपिएको भएको छ भने आन्तरिक पर्यटनको प्रवर्धन र घरवास जस्ता ग्रामीण भेगमा पर्यटन विकास गर्न लागु गरिएका अवधारणाहरुकाकारण पर्यटकीय गतिविधिहरु र प्राप्त हुने लाभको विस्तार भएको छ । पोखरा र चितवन जस्ता गन्तव्यस्थलहरुमा आन्तरिक पर्यटकहरुको निकै चहलपहल छ भने अन्य पर्यटकियस्थलहरुमा पनि आन्तरिक तथा अर्न्तराष्ट्रिय पर्यटकहरुको आवागमन बढेको छ । यस्तो सकारात्मक वातावरणलाईअझ सुदृढ बनाएर सन् २०२० सम्म नेपाल आउने पर्यटकको संख्या वार्षिक २० लाख पुर्‍याउने लक्ष्यका साथ नेपाल सरकारले तयारी गरिरहेको छ ।

नेपालका परम्परागत पर्यटक स्रोत बजारहरु भारत, यूरोप, उत्तर अमेरिका, अष्ट्रेलियाका हुन । तर हाल प्रमुख बजारको रुपमा भारत पछि चीनबाट आउने पर्यटक संख्यामा उत्साहजनक बृद्धि भइरहेको छ भने पूर्वी यूरोप, मध्यपूर्व तथा दक्षिण पूर्व एशियाली मुलुकहरुबाट पनि उल्लेखनीय संख्यामा पर्यटकहरु नेपाल आइरहेका छन् । साथै स्थलमार्गबाट आउने भारतीय पर्यटकहरु बाहेक नेपाल भ्रमणमा आउने लगभग ८०% पर्यटकहरु हवाईमार्ग भएर आउने भएकाले पर्यटनको विकासका लागि नेपालका पर्यटन नीतिहरु र हवाई नीतिमा तादतम्यता, विद्यमान अर्न्तराष्टिय विमानस्थलको विस्तार, गौतम बुद्ध अर्न्तराष्ट्रिय विमानस्थलको निर्माण सम्पन्न र राष्ट्रिय ध्वजाबाहक नेपाल वायुसेवा निगमको सेवामा सुधार तथा विस्तार गरि अझ व्यवसायीकताल्याउन पनि अति आवश्यक छ ।

राजनीतिक स्थिरता पछि नेपालको अर्न्तराष्ट्रिय छविमा व्यापक सुधार भएर नेपाल एउटा आकर्षक र सुरक्षीत गन्तव्यको रुपमा विकसित भइरहेको परिवेशकोअवसरलाई सदुपयोग गर्दै पर्यटन क्षेत्रलाई नेपाल सरकारले मार्ग निर्देशन र सहजीकरण गरिहेको छ भने सरकारी तथा निजी क्षेत्रको साझेदारीमा दुई दशक लामो अनुभव संगाली सकेको नेपाल पर्यटन बोर्डले राष्ट्रिय पर्यटन संस्थाको रुपमाराष्ट्रिय र अर्न्तराष्ट्रिय स्तरमा पर्यटन प्रवर्धनात्मक कार्यहरुसंचालन गरिहेको छ । बोर्डको पोखरा स्थित प्रादेशिक कार्यालयले गण्डकी प्रदेशका पर्यटन व्यवसायीहरुरसक्रिय सरोकारवालाहरुसंगको साझेदारीकोफल्स्वरुप केही प्रतिकुलताका बावजुद पनि पर्यटनबाट आर्जन हुने आय र रोजगारीमा पनि बढोत्तरी भएको छ ।

यस परिप्रेक्ष्यमा नेपालको राज्य संचालन प्रकृया संघीय गणतन्त्रात्मक पद्धती अनुरुप हुने नेपालको संबिधान २०७२ को प्राबधानलाई कार्यान्वयन गर्न पर्यटनबाट प्राप्त हुने आय र रोजगारीका अवसरहरुलाई प्रादेशिक र स्थानीय तहसम्म समतामुलक ढंगले पुर्‍याउने गरी सात वटै प्रदेशहरुमा पर्यटकीय क्रियाकलापहरुको विकास, विस्तार र प्रवर्धन गर्नु आजको आवश्यकता हो । यसका लागि संघीय संरचना अनुरुपका कानुनी व्यवस्था र संस्थागत संरचना तयार गर्नुका साथै अर्न्तराष्टिय रुपमा नेपाललाई प्रतिस्पर्धी बनाउन हाल प्रयोग भइरहेका परम्परागत बजार प्रवर्धनका माध्यमहरु भन्दा पनि डिजिटल बजार व्यवस्थापन र सामाजिक संजालहरुको भरपुर उपयोग गरि आधुनिक संचार माध्यमहरु मार्फत व्यवसायीक र उपभोक्ता केन्द्रित पर्यटन प्रवर्धनका उपायहरु अवलम्बन गर्नुपर्ने टडकारो आवश्यकता देखिएको छ ।

### ३. गण्डकी प्रदेशको पर्यटनको वर्तमान स्थिति

**गण्डकी प्रदेश** पर्यटनको विकासका हिसाबले नेपालमा अग्रणी स्थानमा रहेको छ । अन्नपूर्ण संरक्षण क्षेत्र विश्वमा नै दिगो र पर्या पर्यटनको पर्यायको रुपमा स्थापित छ भनेहाल पदयात्री माझ मनास्लु संरक्षण क्षेत्र पनि विशिष्ट स्थान गन्तव्यको रुपमाचिनिंदै छ ।नेपालको एक मात्र ढोरपाटन शिकार आरक्ष प्रदेश नं ४ र ५ मा फैलिएको छ । अन्नपूर्ण परिपथ(Annapurna Circuit Trek), अन्नपूर्ण आधार

शिविर(Annapurna Sanctuary or Annaurna Base Camp Trek), रोयल पदयात्रामार्ग( Royal Trek), मर्दी हिमाल पदयात्रामार्ग(Mardi Himal Trek),मनास्लु पदयात्रा मार्गहरु, कास्कीकोटको विकलाङका लागि विश्वकै एकमात्र पदयात्रामार्ग,धवलागिरि परिपथ विश्वकै उत्कृष्ट पदयात्रामार्गहरु हुन भनेघोरेपानी, घान्द्रुङ, लान्द्रुङ, पञ्चासे जस्ता प्रख्यात पर्यटकीय स्थलहरु, सिरुवारी, घलेगाँउ, काउलेपानी, ल्वाङ घलेल, भुजुङ जस्ता ग्रामीण पर्यटन तथा होम स्टेका नमुनाहरुगोरखा, गाँउशहर, जोमसोम, लोमाङथाङ जस्ता ऐतिहासिक स्थानहरु, मनकामना, मुक्तिनाथ, दामोदरकुण्ड, गोरखनाथ, बागलुङ कालिका मन्दिर, बाल्मिकी आश्रम जस्ता प्रसिद्ध धार्मिकस्थलहरुका कारण पर्यटकहरु माझ यो प्रदेश राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यटकहरु माझ प्रख्यात छ ।

बेजोड र प्रचुर प्राकृतिक र साँस्कृतिक सम्पदा सहितको प्रदेश भएकाले निजि क्षेत्रले पर्यटन व्यवसायमा ठुलो लगानी गरि पर्याप्त पर्यटक स्तरका होटल तथा रेष्टुरेन्टहरु र नयाँ नयाँ पर्यटकीय गतिविधिहरु संचालन गरेको छ् । त्यसैले पर्वतारोहण र पदयात्राका अतिरिक्तअल्ट्रा लाइट उडान, प्याराग्लाइडिङ, जिप ल्फ्यार,-याफ्टिङ, केबल कार आदिसाहसिक ररोमांचकारीगतिविधिहरु मार्फत आनन्द लिन विश्वका कुना कुनाबाटपर्यटकहरु पोखरा र वरपरका रमणीय स्थलहरुको भ्रमण गर्न आँउछन् ।संघीय सरकारको संस्कृति, पर्यटन तथा नागरिक उडड्यनको पछिल्लो तथ्याँङ्क अनुसार नेपालमा आउने पदयात्रीहरु मध्य सबैभन्दा धेरै अन्नपूर्ण संरक्षण क्षेत्रका पदयात्रा मार्गमा जाने गरेका छन् ।

## ३. अवसर, संभावना तथा चुनौतीहरु

### ३.१ अवसर र संभावनाहरु

(क) नेपालमा लामो राजनीतिक संङक्रमण समाप्त भएको,दिगो राजनीतिक स्थिरता कायम भएको र संघीय नेपालका तीन वटै तहमा निर्वाचन सम्पन्न भएर सबै तहका सरकारहरुले आर्थिक समृद्धिलाई प्राथमिकतामा राखेकोपरिप्रेक्ष्यमागण्डकी प्रदेशको पर्यटन लगायत समग्र आर्थिक क्षेत्रले फड्को मार्न सक्ने प्रशस्त अवसरहरु प्राप्त भएका छन् । यसले गर्दा पर्यटकहरुको नेपाल प्रतिको धारणामा अत्यन्तै सकारात्मक प्रभाव परेको छ भने नेपालको अर्न्तराष्ट्रिय छविमानिकै सुधार आएको छ ।

(ख) विगतको केन्द्रिकृत शासन प्रणाली हुंदापनि पर्यटनको विकासमा निकै अगाडी रहेको गण्डकी प्रदेशमाअबसंघीय प्रणाली अर्न्तगत प्रादेशिक सरकारको गठन भएसंगै अझ बढी पर्यटन विकासमा दत्तचित्त भएर लाग्ने रभएकाले पर्यटन मार्फत आर्थिक समृद्धिको ढोका खोल्ने अवसर र संभावनाहरु देखिन्छन ।

(ग) प्रादेशिक सरकारको गठन भएसंगै गण्डकी प्रदेशकोसरकारले यहाँका पर्यटकीय सम्पदा, स्रोत तथा साधनहरुको अझ समुचित र दिगो उपयोग गर्न सकिने संभावनाको ढोका खोलेको छ ।

(घ) हाल पर्यटकिय गतिविधि भइरहेका स्थानहरुमा दिगो पर्यटनको अवधारणा लागु गर्ने र संभावना बोकेका नयाँ पर्यटकिय सम्पदा तथा स्थलहरु र गतिविधिहरुको विकास गरेर नेपालमा र गण्डकीप्रदेशमा आउने पर्यटकको संख्या बढने, बसाई अवधि लम्बिने र आय बढने प्रशस्त संभावनाहरु छन् ।

(ङ) अन्नपूर्ण संरक्षण क्षेत्रकाविश्वकै उत्कृष्ट पदयात्रा मार्गहरु,माछापुच्छे, पोखरा र फेवाताल प्रतिको पर्यटकहरुको आर्कषण, गुरुङ्ग, मगर र थकाली संस्कृतिको केन्द, स्वच्छ र मनोरम वातावरणका कारणगण्डकी प्रदेशको पोखरा नेपालको मात्र नभै विश्वकै महत्वपूर्ण पर्यटकीय केन्द्रको रुपमास्थापित गर्न सकिने संभावनाहरु छन् ।

(च) भारतीय, चिनियाँ र तेस्रो मुलुकका पर्यटकहरुका अलावा पोखरा र वरपरका पर्यटकीय स्थलहरु आन्तरिक पर्यटकहरुकालागि पनि आर्कषणका केन्द्रहरु हुन । अर्न्तराष्ट्रियपर्यटनमा मौसमी प्रभाव अधिक हुने भएकाले आन्तरिक पर्यटनको प्रवर्धन गरि पोखरालाई बाह्रै महिना Pokhara For All Seasons को नारा सहित प्रवर्धन गर्न सकिन्छ ।

(छ) अद्धितिय सुन्दरताका साथै पोखरा र अन्नपूर्ण संरक्षण परिपक्व गन्तव्यहरु भएकाले यहाँको पर्यटकीय चापलाई कमगर्न यहाँ गुणस्तरीय पर्यटन तथा (Quality Tourism or High-end Tourism) को विकास गर्ने र गण्डकी प्रदेशका अन्य स्थलहरुमा पनि पर्यटकीय पूर्वाधार, प्रचार प्रसार र प्रवर्धनको माध्यमबाट विविधिकरण गर्न सकिने प्रशस्त अवसरहरु छन् ।

(ज) नेपालको पर्यटनमा मुख्य चुनौतीको रुपमा रहेको गन्तव्य सम्मको सहज पहुंचको अभावलाई गण्डकी प्रदेशको सरकारले प्राथमिकताका साथ अगाडी बढाएर पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण समयमै सम्पन्न गर्न र हाल काठमाँडौ, जोमसोम, मनाङ र चितवनसंग मात्र सिमित रहेको सिधा हवाई सर्म्पकलाई नेपाल भित्रका भैरहवा, विराटनगर र नेपालगंज तथा मित्रराष्ट्र भारत तथा चीनकामुख्य शहरहरुसम्म विस्तार गर्न सकिने संभावनाहरु छन् ।

(झ) गण्डकी प्रदेश पर्यटन विकास र प्रवर्धनका हिसाबले अग्रस्थानमा रहेकाले यस प्रदेशको बिशिष्ट पर्यटन ब्राण्ड, प्रवर्धनात्मक सामाग्रीहरु तथा अभियानहरु संचालन गरि संख्यात्मक तथा गुणात्मक रुपमा पर्यटनको विकास गर्न सकिने संभावनाहरु छन् ।

## ३.२ चुनौतीहरु

(क) आन्तरिक र विदेशी पर्यटकहरुको आर्कषणको केन्द्रबिन्दु रहेका पोखरा र अन्नपूर्ण क्षेत्रमा पर्यटकहरुको चासो आगमन बढीरहेको अवस्थामागुणस्तरीय सेवा दिईलाभ लिन नसकिरहेको अवस्थाछ ।

(ख) निजि क्षेत्रले ठूलो धनराशी खर्च गरेर पर्यटकीय सेवा तथा गतिविधिहरुमा विस्तार गरेको,विशेष गरिपोखरामा अत्याधिक संख्यामा होटलहरु खोलिएका छन् तर सरकारले अन्यपूर्वाधारमा लगानी बढाउन नसक्दा मूल्य केन्द्रित प्रतिस्पर्धा बढदै गएको छ ।

(ग) अन्नपूर्ण संरक्षण क्षेत्रका केहि विश्व प्रसिद्ध पदयात्रामार्गहरुनै मोटरबाटोको रुपमा विस्तार भइरहेकोले र नयाँ वैकल्पिक पदयात्रामार्गहरु पनि तयार नहुंदा पदयात्रीहरुले अत्यन्तै मनपराएको यो क्षेत्रले विगतको आर्कषक छवि गुमाउँदै गएको छ । मुक्तिनाथ र जोमसोम जस्ता स्थानहरुमा सवारी साधनबाट यात्रा गर्ने आन्तरिक र भारतिय पर्यटकहरुको संख्यामा बढोत्तरी भएतापनि तेस्रो मुलुकका पर्यटकहरुको संख्या, बिताउने अवधि र गर्ने खर्चमा कमी आएको पाइएको छ ।

(घ) तालहरुको नगरी भनेर चिनिने पोखराका केहि तालहरुको अस्तित्व नै मेटिईसकेको छ भने सबै भन्दा ठुलो र प्रख्यात फेवातालको प्राकृतिक र मानवीय अतिक्रमणका कारण ठुलो जोखिममा छ । फेवाताल मिचेर बनाइएका संरचनामा नियन्त्रण नहुंदा तालको आकार घटदै गएको छ भने स्वरुप पनि बिग्रंदै गएको छ ।

(ङ) अन्नपूर्ण संरक्षण क्षेत्र र पोखरा पर्यटकिय दृष्टिकोणबाट नेपालमा अग्रणी स्थानमा भएतापनिगण्डकी प्रदेशका अन्य संभावित स्थानहरुमा पर्यटकिय गतिविधिहरुको विकास र विस्तार हुन सकेको छैन् ।

(च) गण्डकी प्रदेशमा पर्यटनको निकै विकास भएतापनियस व्यवसायमा संलग्न जनशक्तिलाई उच्च स्तरको प्रशिक्षण दिन नसक्दापर्यटकहरुलाई प्रदान गरिनेसेवाको गुणस्तर सामान्य किसिमको मात्र रहेको छ ।

(छ) गण्डकी प्रदेशका विभिन्न स्थानहरुको भ्रमणमा आउने पर्यटकहरुको तथ्याङ्क एवं सूचनाको अभावमा पर्यटन विकास र प्रवर्धन संबन्धि प्रभावकारी योजना तथा कार्यक्रमहरु तर्जुमा गर्न र कार्यान्वयन गर्नचुनौतिहरु छन् ।

(ज) नयाँ शासकीय संरचनामा संघ, प्रदेश र स्थानीय सरकारहरुको अधिकारको संबन्धमा संबिधानको अनुसूचिहरुमा र केहि ऐनहरुमा उल्लेख भएतापनि यस संबन्धमा धेरै कानुनी व्यवस्थाहरुको निर्माण गरि तीनै तहकासरकारहरुको अधिकार तथा जिम्मेवारीको स्पष्ट व्यवस्था गर्नु जरुरी छ ।

खासगरि पर्यटकिय सम्पदामाथिको अधिकार तथा पर्यटन शुल्क लगाउने तथा अन्य लाभहरुको बाँडफाँडका विषयहरु बारेमा यथाशिघ्र स्पष्ट व्यवस्था गर्नु जरुरी छ ।

(झ) पर्यटकहरुलाई अत्यावश्यक सेवा तथा सुविधाहरुकोपूर्वाधार निर्माणमा प्रत्यक्ष संलग्न रहने सडक, यातायात, खानेपानी, विद्युत, संचारसंग संबिन्धत सरकारी निकायहरुसँग समन्वयात्मक रुपमा क्रियाकलाप संचालन गर्नु जरुरी छ ।

## ४. प्रदेश पर्यटन नीतिको आवश्यकता

नेपालको संविधान २०७२ मा ***"नेपालका ऐतिहासिक, साँस्कृतिक, धार्मिक, पुरातात्विक र प्राकृतिक सम्पदाहरुकोपहिचान,संरक्षण, प्रवर्धन एवं प्रचार प्रसार मार्फत राष्ट्रिय अर्थतन्त्रकोमहत्वपूर्ण आधारको रुपमा पर्यावरण अनुकुल पर्यटन उद्योगको विकास गर्ने, पर्यटन संस्कृतिको विकास गर्न आवश्यक वातावरण एवं नीति निर्माण गर्ने तथा पर्यटन उद्योगको लाभ वितरणमा स्थानीय जनतालाई प्राथमिकता दिने"*** भनि स्पष्ट उल्लेख भएको, पर्यटन गण्डकी प्रदेशको एक प्रमुख आर्थिक एवं व्यवसायिक क्षेत्र भएको र विगत देखि नै सरकारले नीतिगत मार्गनिर्देशक, नियमनकारी र सहजकर्ताको काम गरी यस क्षेत्रलाई प्रवर्द्धन गर्ने प्रयास २०५२ सालको पर्यटन नीति मार्फत गरे अनुरुप यस गण्डकी प्रदेशको पर्यटन क्षेत्रको समग्र विकासमा सरकारी-निजी साझेदारी, स्थानीय जनताको र अन्य सरोकारवालाहरुकोसहभागिता तथा सामुहिक प्रयास हुनुपर्ने सोंचलाई प्रभावकारी रुपमा अगाडी बढाउनका लागि नेपालकोसंघीय सरकारका पर्यटन लगायत अन्य नीतिहरुसंग सामञ्जस्यताकायम हुने गरि गण्डकी प्रदेश सरकारको पर्यटन, उद्योग, वन तथा वातावरण मंत्रालयले यस प्रदेशको पर्यटन विकास तथा प्रवर्धन गर्नु आवश्यक भएकाले ***गण्डकी प्रदेशको पर्यटन नीति २०७५***को आवश्यकता भएको हो ।

देशको नयाँ परिवेश, विज्ञान, प्रविधि र संचार प्रणालीको अभूतपूर्व विकासका कारण विश्वको भौगोलिक दूरी साँघुरिँदै गइरहेको अवस्थामा आ-आफ्ना विशेषता तथा उत्पादनहरुलाई संचार माध्यम मार्फत विश्व सामू प्रस्तुत गर्ने र विश्व बजारलाई आकर्षित गरी अत्यधिक लाभ लिन क्षमता बढाउनु पर्ने अवस्थामाप्रदेश सरकारको भूमिकालाई अझ प्रभावकारी बनाउन खाँचो महसुस भएकोले पनि यो नीति तर्जुमा गरिएको हो । यस नीतिलाई समय सापेक्ष बनाउनका लागि कम्तिमा प्रत्येक पाँच पाँच वर्षमा पुनरावलोकन गरिनेछ ।

## ५. गण्डकी प्रदेशको दीर्घकालीन पर्यटन दृष्टिकोण (Tourism Vision)

गण्डकी प्रदेशकाप्राकृतिक, सांस्कृतिक, धार्मिक,जैवीक एवं मानवनिर्मित पर्यटकिय सम्पदाहरुको दिगो तवरले संरक्षण तथा प्रवर्धन गर्दै गण्डकी प्रदेशलाई अर्न्तराष्ट्रिय तथा आन्तरिकपर्यटकहरु माझ एक विश्वकै सर्वोत्कृष्ट मध्य एक पर्यटकियगन्तव्यस्थलको रुपमा विकास गर्नु गण्डकी प्रदेशको दीर्घकालीन पर्यटन दृष्टिकोण (Tourism Vision) हुनेछ ।

## ६. उद्देश्यहरु (Objectives)

यसपर्यटन नीतिका उद्देश्यहरु देहाय बमोजिम हुनेछन् :-

(१) गण्डकी प्रदेशका स्थापित पर्यटन गन्तव्यहरुमा दिगो पर्यटनको अवधारण अवलम्बन गरि तथासंभावना बोकेका नयाँगन्तव्यहरुमा पर्यटन विकास, विस्तार र प्रवर्धन मार्फतआय तथारोजगारी सिर्जना र स्थानीय जनताको जीवनस्तरमा सुधार हुन सक्ने गरी पर्यटन व्यवसायलाई प्रदेश अर्थतन्त्रको एकप्रमुख आधारको रुपमा विकास गर्नु,

(२) गण्डकी प्रदेशमा पर्यटकहरुका लागि मनोरञ्जन स्थल, पार्क, होटल लगायतका पर्यटकीय सेवा तथा सुविधाहरुको विकास गर्दा पर्यावरण तथा वातावरण संरक्षण पक्षतर्फ विशेष ध्यान दिंदैपर्यटन उद्योगमा आन्तरिक तथा बैदेशिक लगानी प्रबर्द्धन हुने वातावरण सिर्जना गर्नु,

(३) मूर्त-अमूर्त प्राकृतिक, सांस्कृतिक, धार्मिक, जैविक तथा मानव निर्मितसम्पदाहरुको पहिचान, संरक्षण, सम्बर्द्धन एवं विकास गरी पोखरालार्इ विश्वकै एक उत्कृष्ट पर्यटन गन्तव्य र गण्डकी प्रदेशलाई पर्यटकीय दृष्टिले नेपालकै सबैभन्दा आकर्षक र प्रमुख गन्तव्य स्थलको रुपमा विकास गर्नु,

(४) गण्डकी प्रदेशको पर्यटन विकास र प्रवर्धनमा प्रदेश सरकारको पर्यटन, उद्योग, वन तथा वातावरण मंत्रालय तथा पर्यटन व्यवसायीहरु बीच सहकार्य, समन्वय तथा साझेदारीको अवधारणालाई नीतिगत मार्गदिर्नेशन गर्नु,

(५) हाल केहि स्थानमा मात्र समिति पर्यटकिय गतिविधिहरुलाई गण्डकी प्रदेशका अन्य स्थानहरुमा पनि विविधिकरण गर्दै लैजानु,

(६) पर्यटन क्षेत्रबाट प्राप्त हुने लाभको समतामुलक र न्यायोचित वितरण हुन सक्ने वातावरण सृजना गर्नु ।

उपरोक्त उद्देश्यहरु हासिल गर्नका लागि गण्डकी प्रदेशले निम्नबमोजिमका नीतितथा कार्यनीतिहरु अख्तियार गर्नेछ :

## ७. नीति तथा कार्यनीतिहरु (Policies and Strategies)

### नीति ७.१

नेपालको संविधानमा व्यवस्था भएबमोजिम केन्द्र र स्थानीय सरकारहरुसंग समन्वय गरि पर्यटनसँग सम्बन्धित प्रादेशिक पर्यटन योजना, पर्यटन रणनीति, कानुनी, संस्थागत र प्रक्रियागत व्यवस्थाहरु समयसापेक्ष निर्माण गरी पर्यटन उद्योगको विकासमा सहयोग पुऱ्याइनेछ ।

कार्यनीतिहरु:

७.१.१.गण्डकी प्रदेशको पर्यटन क्षेत्रको समग्र र योजनाबद्ध विकासका लागि पर्यटन विकास तथा व्यवस्थापन रणनीतिक योजना तर्जुमा गरि लागु गरिनेछ ।

७.१.२ पर्यटन योजना, पर्यटन रणनीति, कार्यक्रमहरु पर्यटन संबन्धि खोज, अध्ययन, अनुसन्धान र तथ्याङ्कका आधारमा विज्ञहरुको समेत सहयोग लिएर तयार गरिनेछ ।

७.१.३ गण्डकी प्रदेशको पर्यटन विकास, प्रवर्धन आदि कार्यको समन्वयका लागि माननीय प्रदेश मुख्य मन्त्रिको अध्यक्षतामा **अनुसूचि-१** बमोजिमको **गण्डकी पर्यटन परिषद** गठन गरिनेछ । गण्डकी पर्यटन परिषदको बैठक वर्षमा कम्तिमा २ पटक बस्नेछ ।

७.१.४ गण्डकी प्रदेशको पर्यटन व्यवसायहरुको प्रभावकारी रुपमा नियमन र अनुगमन गर्नका लागि समयसापेक्ष प्रादेशिक पर्यटन ऐन, नियमावली, कार्यविधि, निर्देशिका आदि कानुनी दस्तावेजहरु तयार गरि लागु गरिनेछ । नियमन र अनुगमन गर्नका लागि **पर्यटन तथा उद्योग विभाग** स्थापना गरिनेछ ।

७.१.५ गण्डकी प्रदेश भ्रमणमा आउने पर्यटकको सुरक्षा व्यवस्थालाई विश्वसनीय बनाउन तथा पर्यटन व्यवसायमा सुरक्षाको प्रत्याभुति दिन पर्यटक प्रहरीको सुरक्षा संयन्त्र तयार गरी परिचालन गरिने छ ।

७.१.६पर्यटन व्यवसायहरुको अनलाइन प्राणाली मार्फत नियमित र प्रभावकारी रुपमा नियमन र अनुगमन गरि पर्यटकहरुलाई प्रदान गरिने सेवा सुविधाको गुणस्तरमा अभिबृद्धि गरिनेछ ।

७.१.७ प्रादेशिक पर्यटन गुरुयोजनामा समावेश भएका कार्यक्रमहरुलाई प्रदेश सरकारको आवधिक तथा वार्षिक योजनामा समावेश गरी सम्बन्धित निकायहरूमार्फत् क्रमशः कार्यान्वयन गरिनेछ ।

७.१.८ पर्यटनलाई प्राथमिकता प्राप्त प्रादेशिक उद्योगको रुपमा स्थापित गर्न सरकारी र निजीक्षेत्रलाई परिचालन गरिनेछ ।

७.१.९ नेपालको संविधानमा व्यवस्था भएबमोजिम केन्द्र र स्थानीय सरकारहरुसंग समन्वय गरि पर्यटनसँग सम्बन्धित प्रादेशिक पर्यटन योजना, पर्यटन रणनीति, कानुनी, संस्थागत र प्रक्रियागत व्यवस्थाहरु समयसापेक्ष निर्माण गरी पर्यटन उद्योगको विकासमा सहयोग पुऱ्याइनेछ ।

७.१.१० पर्यटन सम्बन्धी सूचनाहरु एकीकृत गरी प्रदेश सरकारको प्रयोजन लागि तथा निजि क्षेत्र, संचार माध्यमहरु र सरोकारवालाहरुलाई उपलब्ध गराउन पर्यटन सूचना व्यवस्थापन प्रणाली लागु गरिनेछ ।

**नीति ७.२**

पर्यटन व्यवसाय संचालनमा निजि क्षेत्रको भूमिकालाई बढावा दिने र सरकारले नियमनकर्ता र सहजकर्ताको भूमिका खेल्ने संघीय नेपाल सरकारको पर्यटन नीतिलाई यस प्रदेशले पनि अंगीकार गर्नेछ ।

कार्यनीतिहरुः

७.२.१. प्रदेश सरकारको भूमिकालाई मूलतः पर्यटकीय पूर्वाधार, जनशक्ति विकास, सुरक्षा, उद्धार, अध्ययन-अनुसन्धान, अन्तर सरकार समन्वय जस्ता कार्यमा बढी केन्द्रित गरिनेछ । अन्तर सरकार समन्वयका लागि **अनुसूचि-२** बमोजिमको **प्रदेश पर्यटन समन्वय समिति** गठन गरिनेछ । प्रदेश पर्यटन समन्वय समितिको बैठक वर्षमा कम्तिमा ६ पटक बस्नेछ ।

७.२.२ गण्डकी प्रदेशमा आउने पर्यटकहरुलाई गुणस्तरीय सेवा प्रदान गर्नका लागि पर्यटन व्यवसायीहरुलाई प्रोत्साहनगरिने छ । नयाँ गन्तव्यहरुमा पर्यटन सेवा, सुविधा तथा नयाँ पर्यटकिय गतिविधि संचालन गर्ने लगानीकर्ताहरुलाई उपयुक्त कानुन बनाएर दिर्घकालिन रुपमा जमीन लिजमा उपलब्ध गराउने, मशिन औजार तथा उपकरणहरु आयातमा सहुलियत दिने तथा कर छुट दिने व्यवस्था गरिनिजि क्षेत्रको भूमिकालाई बढावा दिइनेछ ।

७.२.३ गण्डकी प्रदेशका पर्यटकिय आर्कषणहरुको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा प्रचार प्रसार गर्नका लागिनिजि क्षेत्रसंग सहकार्य र साझेदारी गरिनेछ ।

७.२.४ प्रदेशसरकारले निजि क्षेत्रका सेवा प्रदायकहरु बीच गुणस्तरीय सेवा दिने स्वस्थ प्रतिस्पर्धाको वातावरण तयार गर्नका लागि प्रभावकारी संयन्त्रको निर्माण गरेरसबै पर्यटन व्यवसायीलाई नियमनको दायरामा ल्याउने, उत्कृष्ट व्यवसायीलाई पुरस्कृत गर्ने र गैर कानुनी कियाकलाप गर्ने व्यवसायीहरुलाई कारवाही गर्नेछ ।

७.२.४ केन्द्र सरकारको स्वीकृति लिई विश्व पर्यटन संगठन, संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम, एशियाली विकास बैंक, विश्व बैंक जस्ता द्धिपक्षिय र बहुपक्षीय विकास साझेदारहरूलाई पर्यटन पूर्बाधार विकासका साथै स्थानीय जनताको जीवनस्तर सुधार हुने क्षेत्रमा सहयोग गर्न अभिप्ररित गरिनेछ ।

**नीति ७.३**

गण्डकी प्रदेशको पर्यटन क्षेत्रलाई विशेष प्राथमिकता दिएर आवश्यक स्रोत र साधन उपलब्ध गराई योजनाबद्ध तवरले पूर्वाधार विकास र विस्तार तथा प्रवर्धन गरिने छ ।

कार्यनीतिहरुः

**७.३.१** प्रदेश सरकारले आफ्नो वार्षिक कार्यक्रम तथा बजेटमा पर्यटन क्षेत्रलाई विशेष प्राथमिकता दिएर बजेट विनियोजन गर्नेछ ।

७.३.२ प्रदेश सरकारले दिर्घकालिन पर्यटन योजना कार्यन्वयनका लागि बहुवर्षिय कार्यक्रमहरुका लागि पर्याप्त स्रोत र साधन उपलब्ध गराउनेछ । साथै प्रदेश सरकारका अन्य विषयगत मंत्रालयहरु तथा निकायहरु बीच पर्यटनको विकास र प्रवर्धनमा समन्वय गर्नेछ ।

७.३.३ पर्यटनको विकास र प्रवर्धनमा केन्द्र तथा स्थानीय सरकारहरुसंग समन्वय गरि स्रोत र साधन परिचालन गर्नेछ भने पर्यटकिय पूर्वाधार विकास, जनशक्ति उत्पादन तथा क्षमता विकासका लागि प्रदेशसरकारले केन्द सरकारसंग समन्वय गरि अन्र्तराष्ट्रिय दातृ निकायहरुसंग समन्वय गरि स्रोत र साधन परिचालन गर्नेछ ।

७.३.४ प्रदेश सरकारले गण्डकी प्रदेशमा रहेका सरकारी जमीनहरुको पर्यटकिय प्रयोजनमा उपयोग गर्नका लागि एक **Land Bank** स्थापना गर्नको लागि अध्ययन गर्नेछ ।

७.३.५ गण्डकी प्रदेशमा कम्तिमा एउटा चिडियाखाना र विभिन्न पार्कहरु (Theme Park, Recreation/Fun Park, Geological Information Park) स्थापना गरिनेछ

७.३.६ पर्यटक स्थलहरुमा केवुलकार, होटल रिसोर्ट, स्की रिसोर्ट, गल्फ कोर्स जस्ता पर्यटकिय पूर्वाधार विकासमा निर्माण, स्वामित्व, संचालन र हस्तान्तरण सम्बन्धी कानूनी अवधारणा र प्रकृया स्पष्ट गरी निजी क्षेत्रको लगानीलाई प्रोत्साहन गरिनेछ ।

७.३.७ गण्डकी प्रदेशका संरक्षण क्षेत्र भित्र पर्यटकिय सुविधा, पूर्वाधार वा विकास कार्य गर्दा वातावरण वन तथा वन्यजस्तु र वातावरणको संरक्षणका लागि निर्धारित मापदण्ड तयार गरि संचालन अनुमति दिने व्यवस्था मिलाइनेछ् ।

७.३.८ पर्यटनले प्रदेशको कुल गार्हस्थ उत्पादनमा पुर्‍याएको योगदानको यकिन गर्ने पद्धतिको विकासका लागि प्रादेशीक वा क्षेत्रिय स्याटलाईट लेखा प्रणाली Regional Satellite Accounting System को व्यवस्था गर्न नेपाल पर्यटन बोर्डसंग सहकार्य गरिने छ ।

७.३.७ पर्यटकबाट प्राप्त आम्दानीको धेरै अंश वातावरण संरक्षण, पर्यटन प्रर्बद्धन तथा सामुदायिक विकासमा खर्च गरिनेछ ।

नीति ७.४

गण्डकी प्रदेशका पोखरा, अन्नपूर्ण संरक्षण क्षेत्र लगायतका स्थापित गन्तव्यहरु र नयाँ पर्यटकीय स्थल तथा गतिविधिहरुको विकास गरि पर्यटन प्रवर्धनात्मक कार्यहरु केन्द्र सरकारको संस्था नेपाल पर्यटन बोर्डर निजि व्यवसायीहरुको सहकार्य र साझेदारीमा गरिनेछ।

कार्यनीतिहरुः

७.४.१ गण्डकी प्रदेशका पर्यटकिय आर्कषणहरुको अन्र्तराष्ट्रिय पर्यटन स्रोत बजारहरुमा व्यवसायीक र प्रभावकारी रुपमा प्रवर्धन गर्नका लागि गण्डकी प्रदेशका पर्यटकिय ब्राण्ड तयार गरिनेछ । यसरी तयार गरिएको पर्यटकिय ब्राण्ड (Tourism Brand) मार्फत गण्डकी प्रदेशका पर्यटकिय आर्कषणहरुको प्रवर्धन गरिनेछ ।

७.४.२ गण्डकी प्रदेशका पर्यटकिय आर्कषणहरुको बारेमा अन्र्तराष्ट्रिय पर्यटन स्रोत बजारहरुमा डिजिटिल तथा आवश्यकता अनुसार छापा माध्यमबाट व्यापक रुपमा प्रचार प्रसार गरिनेछ । वेभसाइट, सामाजिक संजालहरु, मोबाइल एप्स जस्ता पर्यटन प्रवर्धनका लागि उपयुक्त संचारका साधनहरुको भरपुर उपयोग गरिनेछ ।

७.४.३ नेपाल पर्यटन बोर्ड र निजि व्यवसायीहरुको सहकार्य र साझेदारीमा अन्र्तराष्ट्रिय पर्यटन स्रोत बजारहरुमा आयोजना गरिने कार्यक्रमहरुमा सहभागी भई गण्डकी प्रदेशका पर्यटकिय आर्कषणहरुको प्रवर्धन गरिनेछ ।

७.४.४ सामाजिक संजालहरु मार्फत C2C (Consumer to Consumer), नेपाल पर्यटन बोर्ड र निजि व्यवसायीहरुको सहकार्य र साझेदारीमा अर्न्तराष्ट्रिय पर्यटन स्रोत बजारका पर्यटन व्यवसायीहरुसंग B2B (Business to Business) र गण्डकी प्रदेश सरकार र नेपाल छिमेकी र अन्य मित्र राष्ट्रहरुसंग G2G (Government to Government) मंचहरु मार्फत पर्यटन प्रवर्धन गरिनेछ ।

७.४.५ नेपाल पर्यटन बोर्ड र निजि पर्यटन व्यवसायीहरुको सहकायमा नयाँ पर्यटकिय प्याकेजहरु तयार गरि ख्यातिप्राप्त अर्न्तराष्टिय संचार माध्यमहरु मार्फत प्रवर्धन गरिनेछ ।

७.४.६ अर्न्तराष्टिय संचार माध्यमहरुका पत्रकारहरुलाई नियमित रुपमा गण्डकी प्रदेशका पर्यटकिय आर्कषणहरुको भ्रमण गराई गण्डकी प्रदेशको विशेष पर्यटकिय छवि निर्माण गरिनेछ ।

७.४.७ विदेशी राष्ट प्रमुख, सरकार प्रमुख, ख्यातीप्राप्त सेलिब्रेटिहरुको गण्डकी प्रदेशमा भ्रमणका लागि पहल गरिनेछ ।

७.४.८ गण्डकी प्रदेशको प्रवर्धन गर्नका लागि विदेश स्थित नेपाली नियोगहरु र गैर आवासिय नेपालीका संस्थाहरुको संजालको उपयोग गरिनेछ। साथै नेपाललाई माया गर्ने अर्न्तराष्टिय रुपमा ख्याती प्राप्तव्यक्तिहरु, प्रसिद्ध पर्वतारोही, लेखक, कलाकार आदिलाई निश्चित मापदण्ड बनाएरगण्डकी प्रदेशको अवैतनिक पर्यटन दुत वा सदभावना दुतनियुक्त गरिनेछ ।

७.४.९ पर्यटन सरोकारवालहरु बीच सचेतना ल्याउन, सार्वजनिक निकायहरु र निजि क्षेत्रसंग समन्वय र सहकार्य हुने वातावरण तयार गर्नर राष्ट्रिय तथा अर्न्तराष्ट्रिय रुपमा पर्यटन प्रवर्धनका लागि प्रादेशिक पर्यटन अभियानहरु र पर्यटन उत्सव र महोत्सवहरु निरन्तर संचालन गरिनेछ । साथै राष्टिय स्तरकापर्यटन अभियानहरुमा गण्डकी प्रदेश सक्रिय रुपमा सहभागी हुनेछ ।

७.४.१०गण्डकी प्रदेशका स्थापित पर्यटकिय गन्तव्यहरुका अतिरिक्त हरेक जिल्लामा एक एक वटा नयाँ संभाव्य पर्यटकिय गन्तव्य पहिचान गरि तीन वर्ष भित्र यस्ता पर्यटकिय गन्तव्यको विकास र प्रवर्धन गरिनेछ ।

नीति ७.५

अर्न्तराष्ट्रिय तथा आन्तरिक पर्यटकहरुलाई गण्डकी प्रदेशका पर्यटकीय स्थलहरुमा सहज र सुलभ रुपमा हवाई मार्गबाट आवतजावत गर्न केन्द्र सरकारका संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मंत्रालय, नेपाल नागरिक उडडयन प्राधिकरण र नेपाल वायुसेवा निगम तथा निजि क्षेत्रका वायुसेवा प्रदायक कम्पनीहरुसंग सहकार्य गरिनेछ ।

कार्यनीतिहरु:

७.५.१पोखराविमानस्थलबाट हाल संचालनमा रहेका हवाई रुटका अतिरिक्त नेपालगंज, भैरहवा, विराटनगर, जनकपुर, लुक्ला आदिविमानस्थलहरुमा उडान हुने व्यवस्था मिलाउन केन्द्र सरकारका संस्कृति, पर्यटन तथा नागरिक उडडयन मंत्रालय र नेपाल नागरिक उडडयन प्राधिकरणसंग समन्वय गरिनेछ ।

७.५.२ पोखरा लाई उपरोक्त स्थानहरुसंग हवाई मार्गबाट जोडननेपाल वायुसेवा निगमतथा नेपालका निजि क्षेत्रका वायुसेवा प्रदायक कम्पनीहरुसंग समन्वय र सहकार्य गरिनेछ ।

७.५.३ पोखरामा नयाँ बन्ने विमानस्थलबाट पोखरा र भारतका विभिन्न शहरहरु बीच सिधा हवाई मार्गबाट सर्म्पक स्थापित गर्नका लागि र दिर्घकालिन रुपमा चीनका र सार्क राष्ट्रहरुका मुख्य शहरहरु बीच सिधा हवाईसर्म्पक स्थापति गर्न पहल गरिनेछ ।

७.५.४ गण्डकी प्रदेशमा हाल विद्यमान विमानस्थलहरुको स्तरोन्नती गर्ने र संभाव्य नयाँ ठाँउहरुमा पनि विमानस्थल र हेलिप्याड निर्माण गर्नका लागि आवश्यक कदम चालिनेछ ।

नीति ७.६

पर्यटन विकास र प्रवर्धनका लागि संघीय नेपालका अन्य प्रदेशहरुसंग र गण्डकी प्रदेश सरकार अर्न्तगतका निकायहरु र स्थानीय सरकारहरुसंग निकट रहेर समन्वय र सहकार्य गरिनेछ ।

कार्यनीतिहरुः

७.६.१ एउटै प्याकेजका पदयात्रा, जलयात्रा जस्ता पर्यटकिय गतिविधिहरु एक भन्दा बढी प्रदेशमा संचालन हुने भएकालेपर्यटन विकास र प्रवर्धनका लागि अन्य प्रदेशहरुसंग समन्वयात्मक प्रतिस्पर्धा (Co-optition)को नीति लिइनेछ ।

७.६.२ पर्यटन विकास र प्रवर्धनका लागि गण्डकी प्रदेशका स्थानीय सरकारहरुसंग नयाँ गन्तव्य पहिचान, जनशक्ति विकास, स्रोत परिचालन जस्ता विषयहरुमा सहकार्य गरिनेछ ।

७.६.३ पर्यटनसँग सम्बन्धित प्रदेशका नीतिहरु बीच तादात्म्यता कायम हुने गरी पर्यटन विकास र प्रवर्धनका लागि गण्डकी प्रदेश सरकार अर्न्तगतका मंत्रालय र निकायहरु बीच नीतिगत, कानुनी र कार्यान्वयन आदि सबै विषयहरुमा निकटको समन्वय हुने व्यस्था मिलाइने छ ।

नीति७.७

गण्डकी प्रदेशका धार्मिक र ऐतिहासिक स्थलहरुलाई पर्यटन केन्द्रका रुपमा विकास गरि भारतीय र आन्तरिक पर्यटक माफ प्रवर्धन गरिनेछ ।

कार्यनीतिहरुः

७.७.१ नवलपरासीको त्रिवेणी, गुल्मीको रिडि, मुस्ताङका मुक्तिनाथ र दामोदरकुण्ड,लमजुङका ईशानेश्वर र दुधपोखरी, गोरखाका मनकामना र गोरखकाली, तनहुंको व्यास गुफा, पराशर क्षेत्र र ढोरबाराही, मनाङको तिलिचो वा काकभुसुण्डी ताल जस्ता धार्मिकस्थलहरुमा आन्तरिक र भारतिय पर्यटकहरुलाई आर्कषित गर्नका लागि पूर्वाधार विकास तथा प्रर्वधनका कार्यहरु गरिनेछ ।

७.७.२ गोरखाको गोरखा दरबार, लिगलिगकोट, स्थान तनहुंको आदिकवि भानुभक्त जन्मेको रम्घा र तनहुंसुर, कास्कीको कविशिरोमणी जन्मेको स्थान अर्चले, पाल्पाको तानसेन बजार र रानीमहल, मुस्ताङको लोमान्थाङ, लमजुङको गाँउशहर, कोलासोंथर, चक्रतिर्थ जस्ता स्थानहरुमा आन्तरिक पर्यटनको विकास र प्रवर्धन गरिनेछ ।

७.७.३ कास्की जिल्लाका तालहरु, लमजुङ जिल्लाका ऐतिहासिक कोटहरु, मनाङ मुस्ताङका पुराना गाँउ, बस्ती तथा गुफाहरु, पर्वतका झोलुङ्गे पुलहरु र एशियाकै सबैभन्दा ठुलो महाशीला चट्टान, बागलुङ्गको पञ्चकोट, ढोरपाटन शिकार आरक्ष, म्यादीको पुनहिल आदि स्थानहरुलाई पर्यटन स्थलका रुपमा विकास गरि प्रर्वधन गरिनेछ ।

नीति ७.८

साहसिक पर्यटन गतिविधिहरु जस्तै पदयात्रा, पर्वतारोहण, जलयात्रा पर्यटन, खेल पर्यटनआदिको विकास गरि गण्डकी प्रदेशलाई विश्वकै एक सर्वोत्कृष्ट पदयात्रा गन्तव्यको रुपमा विकास र प्रवर्धन गरिनेछ ।

कार्यनीतिहरुः

७.८.१ उपरोक्त क्षेत्रमाजाने पदयात्रीहरुलाई उपयुक्त वातावरण तथा स्थानीय संस्कृतिको अनुभव गर्ने व्यवस्था गर्न पदयात्रामार्गहरुको स्तरोन्निती र संरक्षण, सेवा तथा सुविधा र सुरक्षाको व्यवस्थाअर्न्तराष्ट्रिय मापदण्डअनुसार मिलाउन विद्यमान संस्थागत संरचना, मौसमको

पूर्वानुमान र सूचना प्रणाली, साइनेज र अन्य पूर्वाधारहरुको व्यवस्थाका लागि संबन्धित निकाय तथा स्थानीय सरकारहरुसंग समन्वय गरिनेछ ।

७.८.२ खासगरि अन्नपूर्ण संरक्षण क्षेत्रका विश्वमै ख्याती प्राप्त पदयात्रामार्गहरु सडक निर्माणका कारण हराउँदै गएकाले बैकल्पिक पदयात्रामार्गहरु पहिचान, विकास तथा प्रवर्धन गर्नका लागि संबन्धित निकाय तथा स्थानीय सरकारहरुसंग समन्वय गरिनेछ ।

७.८.३ गण्डकी प्रदेशका अन्नपूर्ण, धवलागिरि, मनास्लु हिम श्रृंखलाका हिखरहरुमागरिनेपर्वतारोहणलाई केन्द्र सरकारसंग समन्वय गरि व्यवस्थित र वातावरणमैत्री गतिविधिको रुपमा विकास गरिनेछ ।

७.८.४ -याफ्टिङ, कायाकिङ जस्ता कालिगण्डकी, सेती, मादी, मर्स्याङदी नदीहरुमा गरिने पर्यटकिय गतिविधिहरुलाई व्यवस्थित, व्यावसायिक र वातावरण मैत्री तुल्याईनेछ ।

७.८.५ नेपालका विभिन्न स्थानहरुमा संचालनमा आएका क्यानोनिङ्ग (Canyoning), रक क्लाइमिङ्ग (Rock Climbing), बन्जि (Bunjee Jumping), Mountain Biking साहसिक पर्यटन गतिविधिहरुका अलावा गण्डकी प्रदेशमा Sky Diving, Heli Skiing, Cascading, Syncronised Rowing, Jet Ski, Parasailing, Rapelling गर्न उपयुक्त स्थानहरु पहिचान गरि यस्ता गतिविधिहरुको प्रर्वधन गरिनेछ । प्रदेश सरकारले गण्डकी प्रदेशमा संचालन गर्न सकिने पर्यटन उद्योग तथा व्यवसायहरूको वर्गीकरण **अनुसूचि-३** बमोजिम गरि नियमन गर्नेछ ।

७.८.६ प्याराग्लाइडिङ खेलबाट नेपालले एशियाली खेलकुदमा पदक प्राप्त गरेर साहसिक खेल पर्यटनको माध्यमबाटनेपाललाई चिनाउने अवसर प्राप्त भएकाले साहसिक खेल पर्यटनको लागि पूर्वाधार, जनशक्ति र प्रर्वधनमा यथेष्ट लगानी गरिनेछ ।

७.८.७ ठुलापूर्वाधार निर्माण एवं विकासका परियोजनाहरु संचालन गर्दा प्राकृतिक सम्पदाहरुमा पर्ने वातावरणीय प्रभावलाई समेत ध्यान दिई पूर्वाधार निर्माणका कार्यमा पनि अवरोध नहुने र संबेनशील प्राकृतिक पर्यटकिय सम्पदाहरुको पनि जगेर्ना हुने व्यवस्था मिलाइनेछ ।

**नीति ७.९**

ग्रामीण तथा सामुदायिक पर्यटनको माध्यमबाट आदिवासी, जनजाति, महिला, विपन्न वर्ग र हालसम्म समेट्न नसकिएका समूहको समेत संलग्नता रहने गरी पर्यटनलाई समुदायको पहुँचभित्र ल्याइनेछ ।

कार्यनीतिहरुः

७.९.१ प्रदेशका विभिन्न जातजातिहरूको मौलिक संस्कृतिलाई समेटी सांस्कृतिक पर्यटनलाई जोड दिने क्रियाकलापहरुको सञ्चालनमा स्थानीय सरकार र जनसमुदायलाई प्रोत्साहित गरिनेछ ।

७.९.२ प्रदेशका मौलिक संस्कृतिसंग संबन्धित परम्परागत नृत्य, पर्व, जात्रा, उत्सवहरुलाई संरक्षण र प्रवर्धन गरि पर्यटकहरुले रुचाउने ओपेरा, खेल प्रतियोगिता, रोपाँई जात्रा, भीर मौरी काढने आदि उत्सव महोत्सवको आयोजना गरि साँस्कृतिक पर्यटनको प्रवर्धन गरिनेछ ।

७.९.३ पर्यटकहरुले रुचाउने हस्तकलाका सामान र स्थानीय उत्पादनहरुलाई उपयुक्त बजार व्यवस्थापन मार्फत पर्यटन व्यवसायहरुसंबन्ध स्थापति गराई पर्यटनबाट प्राप्त लाभ स्थानीय समुदायसम्म पुऱ्याउने नीति लिइनेछ ।

७.९.४ ग्रामीण पर्यटनका लागि प्रसिद्ध सिरुवारी, घलेगाँउ, काउलेपानी लयागतका स्थानहरुका अतिरिक्त प्रदेशका अन्य सम्भाव्य गाउँहरूलाई स्थानीय सरकार, स्थानीय समुदाय आदिको सहकार्यमा पर्यटनस्थलका रूपमा विकास गरिनेछ ।

७.९.५ विद्यमान संग्राहलयहरुको स्तरोन्नती गरि प्रदेशमा एक जातीय संग्रहालयको स्थापना गरिनेछ ।

**नीति ७.१०**

व्यावसायिक पर्यटन, खेल पर्यटन, स्वास्थ्य पर्यटन, कृषि, चलचित्र पर्यटन आदि मार्फत पर्यटकहरुलाई गण्डकी प्रदेशमा भ्रमण गर्न आर्कषित गरिनेछ ।

कार्यनीतिहरुः

७.१०.१अन्तर्राष्ट्रिय र राष्ट्रिय स्तरका बैठक, सभासम्मेलन, व्यापार-मेला,प्रदर्शनी (Meeting, Incentives, Convention and Exhbition)जस्ता पर्यटक गतिविधिहरुलाई बढावा दिनका लागि पोखरामा अन्तर्राष्ट्रियस्तरको सम्मेलन केन्द्रको निर्माण गरिनेछ ।

७.१०.२ पोखरालाई खेल गन्तव्यको रुपमा विकास गर्न पोखरामा अन्तर्राष्ट्रिय स्तरको फुटबल र क्रिकेट रंगशाला निर्माण गरि अन्तर्राष्ट्रिय स्तरका प्रतियोगिताहरु आयोजना गर्न पहल गरिनेछ ।

७.१०.३ पोखरा र वरपरका क्षेत्रहरुको हावापानी स्वास्थ्यलाभ का लागि अत्यन्तै उपयुक्त भएकालेप्रदेश सरकारले पूर्वाधारमा लगानी गर्नै छ र आधुनिक अस्पताल, योग केन्द्र, आरोग्य केन्द्र, स्पा आदिमा लगानी गर्न निजि क्षेत्रलाई प्रोत्साहित गरिनेछ ।

७.१०.४ विकसित मुलुकका खर्च गर्न सक्ने अवकाश प्राप्तनागरिकहरु (Silver Market)लाई पोखरा वरपरका स्थानहरुमा लामो समय सम्म बिताउन मिल्ने प्रबन्धमिलाइने छ ।

७.१०.५ गण्डकी प्रदेशका प्राकृतिक सम्पदाहरु विश्वमै सुपरिचित भएकाले नेपाली, भारतिय तथा विदेशी चलचित्र र बृत्तचित्र निर्माताहरुलाई छायाङन गर्नका लागि सहज एकद्धार प्राणली मार्फत स्वीकृती प्रदान गरिने छ ।

७.१०.६ शहरी क्षेत्रको वातावरण प्रदूषण नियन्त्रण गर्नका लागि प्रदूषण कम हुने विद्युतीय सवारी साधन प्रयोग गराउन त्यस्ता साधनको आयात र निर्माणमा सहुलियत दिइनेछ ।

**नीति ७.११**

**गण्डकी प्रदेशका** पर्यटन व्यवसायहरुले प्रदानगर्ने सेवा सुविधाको गुणस्तरको निरन्तर अनुगमन गरिनेछ र मानव संशाधनको गुणात्मक विकासमा विशेष जोड दिइनेछ ।

७.११.१ पर्यटन क्षेत्रसँग सम्बन्धित मानव संशाधनको गुणात्मक विकासमा जोड दिइनुका साथै यस क्षेत्रको विकासमा स्थानीय व्यक्तिहरुलाई प्राथमिकता दिई निजी क्षेत्रको संलग्नतालाई बढावा दिइनेछ ।

७.११.२ दुर्गम तथा लक्षित पर्यटकीय स्थलहरूमा सानातिना कार्यक्रमहरू सञ्चालन गर्न स्थानीय निकाय, स्थानीय सामुदायिक संस्था, स्थानीय उद्यमी समूह र गैरसरकारी संस्थाहरुलाई प्रोत्साहन गरिनेछ ।

७.११.३ पर्यटन सेवामा गुणस्तर अभिबृद्धि गर्न सरकारी र निजी क्षेत्रको साझेदारीमा पर्यटन तालिम केन्द्र स्थापना गरि यसलाई (Centre of Excellence) को रुपमा विकसित गरिनेछ । साथै केन्द्र सरकारका पर्यटन जनशक्ति उत्पादन गर्ने निकायहरुसंग समन्वय गरिनेछ ।

७.११.४ पर्यटन व्यवसायहरुले प्रदानगर्ने सेवा सुविधाको गुणस्तरको निरन्तर अनुगमन गर्न एक प्रभावकारी संयन्त्र निर्माण गरिनेछ।

७.११.४ स्वदेशी जनशक्तिलाई पर्यटन उद्योग व्यवसायमा बढी मात्रामा संलग्न गराउन प्राथमिकता दिने नीति लिइनेछ ।

**८. पर्यटन व्यवसायको स्तरीकरण, अनुगमन तथा मूल्यांकन**

८.१. यस पर्यटन नीतिका उद्देश्यहरु प्राप्त गर्नका लागि सबै तहका सरकारहरु, निजि क्षेत्र, समुदाय तथा गैरसरकारी सबैको सहयोग आवश्यक हुने भएकाले यस नीतिका प्रावधानहरु पूरा भए नभएको सम्बन्धमा पर्यटन उद्योग वन तथा वातावरण मंत्रालय र प्रदेश सरकार

मातहतका सम्बन्धित निकायहरु सम्मिलित अनुगमन ईकाइबाट अनुगमन हुने व्यवस्था मिलाइनेछ ।

८.२ पर्यटकलाई सेवा प्रदान गर्ने सेवा प्रदायक संस्थाहरुबाट प्रदान गरिने सेवाको स्तर, वस्तुको गुणस्तर लगायतका स्तर कायम हुने प्रणालीको विकास गरी त्यस्ता सेवाको अनुगमन व्यवस्था गरिनेछ ।

८.३ पर्यटन व्यवसायीहरूबाट पर्यटकहरूलाई प्रदान गरिने सेवा तथा सुविधाहरूलाई गुणस्तरीय बनाउनको लागि त्यस्ता सेवा तथा सुविधाहरूको स्तरीकरणको लागि आवश्यक मापदण्ड, निर्देशिकाको निर्माण गर्न आवश्यक संयन्त्र निर्माण गरी त्यस कार्यको नियमित अनुगमन तथा समीक्षा गरिनेछ ।

## ९. सहुलियत तथा सुविधाहरू

गण्डकी प्रदेशमा स्थापति पर्यटन उद्योगलाई विशेष सेवा अर्न्तगत प्राथमिकता प्राप्त उद्योगका रुपमा स्थापित गरी देहायबमोजिम सुविधा तथा सहुलियतहरु प्रदान गरिनेछ :

९.१ वर्गीकृत होटल र रिजोर्टलाई केन्द्र सरकारको औद्योगिक व्यवसाय ऐन समेतका आधारमा विशेष सेवा अर्न्तगत व्यवस्था भए अनुरूप राष्ट्रिय प्राथमिकता प्राप्त उद्योगमा वर्गीकरण गरी सो अनुरूपको सुविधा उपलब्ध गराइने छ ।

९.२ होटल र रिजोर्ट बाहेकका अन्य पर्यटन उद्योग तथा व्यवसायलाई पनि मूल्य अभिबृद्धि, रोजगारीको सिर्जना र सिर्जनात्मकताको आधारमा सुविधा तथा सहुलियतहरू प्रदान गरिने छ ।

९.३ केन्द्र सरकारको पर्यटन ऐनमा तोकिएका पर्यटन उद्योग तथा व्यवसायहरूलाई सोही बमोजिम र नयाँ पर्यटकिय क्रियाकलापहरु सिर्जना गर्ने, स्थानीय उपजहरु बढी उपयोग हुने र पिछडिएका जातीको बाहुल्यता रहेको स्थानमा संचालन हुने पर्यटन व्यवसायहरुलाई कर तथा शुल्कमा सहुलियत दिइने छ ।

९.४ नेपाल सरकारद्वारा तोकिएका दुर्गम ग्रामीण क्षेत्रहरूमा खुलेका होटल, रेष्टुराँ तथा रिजोर्ट र अन्य पर्यटन व्यवसायहरूलाई आवश्यकता अनुसार तोकिएका सुविधा तथा सहुलियतहरू प्राथमिकताका साथ उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

९.५ नेपालको संविधान बमोजिम पर्यटकहरूबाट प्रदेश सरकारलाई प्राप्त हुने विभिन्न कर, शुल्क, दस्तूर अन्य प्रत्यक्ष राजश्वको निश्चित अंश सम्बन्धित स्थानका पर्यटकीय पूर्वाधार विकास, सुधार, वातावरण संरक्षण, र दिगो व्यवस्थापनका लागि दिने नीति लिइनेछ ।

## १०. आर्थिक पक्ष

गण्डकी प्रदेशको यस पर्यटन नीति लागू गर्दा विशेष गरि पूर्वाधार विकासका क्षेत्रमा प्रदेश सरकारको उल्लेखनीय आर्थिक दायित्व सिर्जना हुन सक्ने भएकाले यसका लागि गण्डकी प्रदेश सरकारको वार्षिक स्वीकृत कार्यक्रम, पर्यटन गुरुयोजना र आवधिक योजनाका आधारमा श्रोतको विनियोजन गरिनुपर्ने, खर्च व्यहोर्ने श्रोतका सम्बन्धमा कार्यक्रम लागू गर्ने समयमा नै निर्क्यौल हुने तथा खर्च व्यवस्थापन तथा लेखापरीक्षण प्रचलित कानूनी व्यवस्था एवं प्रकृयाद्वारा व्यवस्थित गरिनेछ ।

## ११. अपेक्षित उपलब्धि

(१) यस पर्यटन नीतिको सफल कार्यान्वयन पश्चात गण्डकी प्रदेश खासगरि पोखरा विश्व पर्यटन मानचित्रमा सर्वोत्कृष्ट गन्तव्यहरु मध्य एक पर्यटन गन्तव्य स्थलको रुपमा विकास गर्न सघाउ पुग्नेछ ।

(२) गण्डकी प्रदेशमा विदेशी तथा आन्तरिक पर्यटनको संख्यात्मक तथा गुणात्मक रुपमा बृद्धि हुनेछ ।

(३) पर्यटकको आगमन तथा पर्यटकीय क्रियाकलापको बृद्धिबाट यस प्रदेशमा प्रशस्त आय तथा रोजगारी सिर्जनामा बढोत्तरी हुने, प्रदेशको राजस्वमा ठुलो योगदान पुग्ने र यहाँका जनताको जीवनस्तरमा बृद्धि हुने जस्ता सकारात्मक परिवर्तन हुने छन् ।

(४) पर्यटन व्यवसायमा स्वदेशी तथा विदेशी लगानीमा बृद्धि भएर हवाई, होटल, रेष्टुरेन्ट, ट्राभल तथा टूर व्यवसायमा गुणात्मक प्रतिस्पर्धाको विकास हुन गई गुणस्तरीय सेवा उपलब्ध गराउन सहयोग पुग्नेछ ।

(५) गण्डकी प्रदेशका हाल स्थापति पर्यटन गन्तव्यहरु बाहेकका क्षेत्रहरुमा पनि पर्यटन व्यवसायको विस्तार गर्ने अवसर प्राप्त हुन सक्नेछ ।

(६) यस पर्यटन नीतिको सफल कार्यान्वयनबाट यहाँका प्राकृतिक, सांस्कृतिक, धार्मिक, पुरातात्विक एवं जैविक सम्पदाहरुको संरक्षण र प्रचारप्रसार भएर यस प्रदेशका विशेषताहरु राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा फैलाउन सहयोग मिल्नेछ ।

## १२. अनुमान तथा जोखिमहरु

### १२.१ अनुमान

(१) गण्डकी प्रदेश सरकार र पर्यटन, उद्योग, वन तथा वातावरण मंत्रालयले आवश्यक संस्थागत, कानुनी संरचना तयार गर्ने तथा स्रोत साधनको पर्याप्त व्यवस्था गर्न उपयुक्त वातावरण तयार हुनेछ ।

(२) केन्द्र, प्रदेश र स्थानीय सरकारहरु र अर्न्तगतका निकायहरु र्प्यटन विकास र प्रर्वधनका लागि बीच समन्वय र सहकार्य हुनेछ ।

(२) राष्ट्रिय तथा अर्न्तराष्ट्रिय परिस्थिति समग्र पर्यटन व्यवसायको अनुकुल रहनेछ ।

### १२.२ जोखिमहरु

पर्यटन क्षेत्रको आर्थिक रुपमा महत्वपर्ण योगदान हुंदाहुंदै पनि जथाभावी संचालन हुने पर्यटकीय कृयाकलापबाट प्रदेशको मौलिक संस्कृतिमा अतिक्रमण भई विकृति उत्पन्न हुने, अस्वस्थ प्रतिस्पर्धाको वातावरण सिर्जना हुने, सामाजिक विश्रृंखलता बढने, प्रतिबन्धित लागु पदार्थको प्रयोग बढने, प्राकृतिक सम्पदाको ह्रास भई वातावरणमा नकारात्मक प्रभाव पर्ने जस्ता समस्या देखापर्न सक्ने जोखिमयुक्त अवस्थाले नीतिगत उद्देश्य प्राप्त गर्न निकै तयारी गर्नुपर्ने देखिन्छ ।

----------

अनुसूचि-१

(बुंदा ७.१.३ सँग सम्बन्धित)

**<u>गण्डकी पर्यटन परिषदको गठन निम्नबमोजिम हुनेछ ।</u>**

| | | |
|---|---|---|
| (१) | माननीय गण्डकी प्रदेशका मुख्यमन्त्री | अध्यक्ष |
| (२) | माननीय गण्डकी प्रदेशका पर्यटन, उद्योग, वन तथा वातावरण मन्त्री | उपाध्यक्ष |
| (३) | माननीय आन्तरिक मामिला तथा कानुन मन्त्रि | सदस्य |
| (४) | माननीय सामाजिक विकास मन्त्रि | सदस्य |
| (५) | माननीय आर्थिक मामिला तथा योजना मन्त्रि | सदस्य |
| (६) | माननीय भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रि | सदस्य |
| (७) | माननीय भौतिक योजना तथा विकास मन्त्रि | सदस्य |
| (८) | प्रमुख सचिव, गण्डकी प्रदेश सरकार | सदस्य |
| (९) | पर्यटन क्षेत्रका लब्ध-प्रतिष्ठित विशेषज्ञहरूमध्ये प्रदेश सरकारबाट मनोनीत २ जना | सदस्य |
| (१०) | लब्ध-प्रतिष्ठित पर्यटन व्यवसायीहरु मध्य प्रदेश सरकारबाट मनोनीत ६ जना | सदस्य |
| (११) | गण्डकी प्रदेशका पर्यटन, उद्योग, वन तथा वातावरण सचिव | सदस्य-सचिव |

## अनुसूची - २

(बुंदा ७.२.१ सँग सम्बन्धित)

**<u>प्रदेश पर्यटन समन्वय समिति</u>**

| | | |
|---|---|---|
| (१) | माननीय गण्डकी प्रदेशका पर्यटन, उद्योग, वन तथा वातावरण मन्त्री | अध्यक्ष |
| (२) | पर्यटन, उद्योग, वन तथा वातावरण सचिव | सदस्य |
| (३) | आन्तरिक मामिला तथा कानुन सचिव | सदस्य |
| (४) | सामाजिक विकास सचिव | सदस्य |
| (५) | आर्थिक मामिला तथा योजना सचिव | सदस्य |
| (६) | भूमि व्यवस्था, कृषि तथा सहकारी सचिव | सदस्य |
| (७) | भौतिक योजना तथा विकास सचिव | सदस्य |
| (८) | प्रतिनिधि, नेपाली सेना (महासेनानी स्तर) | सदस्य |
| (९) | प्रतिनिधि, नेपाल प्रहरी (DIG स्तर) | सदस्य |
| (१०) | प्रतिनिधि, सशस्त्र प्रहरी (DIG स्तर) | सदस्य |
| (११) | पर्यटन क्षेत्रका व्यवसायीहरु मध्ये प्रदेश सरकारबाट मनोनीत ३ जना | सदस्य |
| (१२) | नेपाल पर्यटन बोर्डका गण्डकी प्रदेश कार्यालय प्रमुख | सदस्य |
| (१३) | सहसचिव, पर्यटन, उद्योग, वन तथा वातावरण मन्त्रालय | सदस्य-सचिव |

अनुसूची - ३

(बुंदा ७.८.५ सँग सम्बन्धित)

**गण्डकी प्रदेशमा संचालन गर्न सकिने**

**पर्यटन उद्योग तथा व्यवसायहरूको वर्गीकरण**

(१) तीन तारे र सो भन्दा कम स्तरका वर्गीकृत होटेल र रिसोर्ट

(२) होम स्टे र अपार्टमेन्ट होटल

(३) ट्राभल एजेन्सी तथा अनलाइन होटद बुकिङ एजेन्सि

(४) ट्रेकिङ्ग तथा पर्वतारोहण एजेन्सी

(५) ऱ्याफ्टिङ्ग एजेन्सी

(६) कायाकिङ, कनोइङ्ग

(७) वर्गीकृत रेष्टुराँ एण्ड बार

(८) साहसिक/मनोरञ्जनात्मक पर्यटन व्यवसायहरू (पर्वतारोहण, स्किइङ, प्यारागलाइडिङ, केवलकार-कम्प्लेक्स, हट-एयर बेलुनिङ, ह्याङ्ग ग्लाईडिङ, गल्फ कोर्ष, पोलो, हर्स राइडिङ, बन्जि जम्पिङ्ग, Ultra Light Aircraft, क्यानोनिङ्ग (Canyoning), रक क्लाइमिङ्ग (Rock Climbing), बन्जि (Bunjee Jumping), Mountain Biking, Sky Diving, Heli Skiing, Cascading, Syncronised Rowing, Jet Ski, Parasailing, Rapelling, Zip Flyer आदि ।

(९) मनोरञ्जन तथा सूचनामुलक पार्कहरु : Fun/Recreation/Entertainment Park, Children and Theme Park, Geological Information Center etc.

(१०) Site Museums and Visitors Center

(११) Spa, Health Tourism Center

(१२) ध्यान, आध्यात्मिक र योग साधना एवं आयुर्वेदिक तथा प्राकृतिक उपचार केन्द्र आदि

(१३) गण्डकी प्रदेशको पर्यटन, उद्योग, वन तथा वातावरण मन्त्रालयद्वारा समय-समयमा तोकिए बमोजिमका अन्य उद्योग तथा व्यवसायहरू